नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय मामिला महाशाखा)

सिंहदरबार, काठमाडौं।

फोन नं: ०१-४२००५११


प सं:

च नं: ४०२

मिति: २०७६।१२।२५

श्री प्रमुख प्रशासकीय अधिकृतहरु,

स्थानीय तह, (सबै)।

विषय: COVID-19 को रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा।

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट भएका निर्णयहरु कार्यान्वयन गर्न तथा स्थानीय स्तरमा सङ्क्रमण सम्भावित व्यक्तिहरुको लगत सङ्कलन, क्वारेण्टाइनको व्यवस्थापन तथा लकडाउनको कारण न्यूनतम जीवन निर्वाह गर्न कठिनाईमा रहेका व्यक्ति तथा परिवारलाई राहत उपलब्ध गराउने लगायतका कार्यमा स्थानीय तहबाट भइरहेको प्रयास अत्यन्तै सह्राहनीय रहेको छ ।

राष्ट्रका साझा समस्या समाधानको लागि तीनै तहका सरकारको समन्वय र सहकार्यबाट मात्र सम्भव हुने विषय स्मरण गर्दै यस महामारीको अवस्थामा नेपाल सरकारबाट लागू गरिएको लकडाउनलाई थप प्रभावकारी बनाई हुनसक्ने क्षतिलाई कम गराउन र प्रभावित व्यक्तिहरुको न्यूनतम जीवनस्तर कायम राख्न सबै स्थानीय तहबाट निम्नानुसारका कार्यहरु गर्ने व्यवस्था मिलाउनु हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७६।१२।२५ को निर्णय अनुसार अनुरोध छः

(क) नेपाल सरकारबाट लकडाउन गर्ने भनी भएको निर्णय पछि भारत लगायत अन्य देशहरुबाट आउने व्यक्तिहरु र निजको सम्पर्कमा रहेका व्यक्तिहरुको तथ्याङ्कलाई निरन्तर अद्यावधिक गर्ने ।

(ख) बुँदा नं (क) बमोजिमका व्यक्तिहरुलाई कम्तीमा १४ दिनसम्म क्वारेण्टाइनमा राख्ने, निजहरुको स्वास्थ्य अवस्थालाई निरन्तर अनुगमन गर्ने र कुनै समस्या वा जटीलता देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा पठाउने ।

(ग) आआफ्नो स्थानीय तहभित्र बसोबास गर्ने व्यक्तिहरुमा भोकमरी वा न्यूनतम जीवनस्तर कायम हुन नसक्ने अवस्था आउन नदिने गरी राहत उपलब्ध गराउनु पर्ने व्यक्ति वा परिवारको लगत सङ्कलन गर्ने र आवश्यकता अनुसार राहत उपलब्ध गराउने ।

(घ) लामखुट्टे जस्ता जोखिमयुक्त जीव रहने सम्भावित स्थानहरुमा सम्भव भएसम्म Disinfectant Spray गर्ने व्यवस्था मिलाउने ।

Scanned with CamScanner

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय मामिला महाशाखा)

सिंहदरबार, काठमाडौं।

प सं:

फोन नं: ०१-४२००५११

च नं:


(ङ) राहत वितरणमा स्थानीय कृषि उत्पादन प्रयोग गर्न सकिने अवस्था भएमा त्यस्ता वस्तुहरु राहत प्याकेजमा समावेश गर्ने ।

(च) राहतको रुपमा नगद वा जिन्सी सहयोग गर्न चाहने राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रलाई त्यस्तो सहयोग स्थानीय तहको समन्वय मार्फत मात्र वितरण गर्ने व्यवस्था मिलाउने ।

(छ) COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि सम्पादन गरिएका कार्यको नियमित रुपमा प्रतिवेदन गर्ने तथा यस सम्बन्धमा भएको आम्दानी तथा खर्चलाई नियमित रुपमा आआफ्नो वेवसाइट मार्फत सार्वजनिक गर्ने ।

(ज) COVID-19 सँग सम्बन्धित आधिकारिक सूचना मात्र वेवसाइटमा राख्ने र सम्पूर्ण सूचनाहरुलाई वेवसाइटमा छुट्टै ब्लक बनाई एकै स्थानमा राख्ने व्यवस्था मिलाउने।

(झ) टेलिफोन, इन्टरनेट जस्ता सूचना प्रविधिका साधनहरुको प्रयोग गरी घरमै बसेर गर्न सकिने कार्यहरुलाई कार्यालय प्रमुख तथा सम्बन्धित सुपरिवेक्षकसँग समन्वय गरी सम्पादन गर्ने व्यवस्था मिलाउने ।

(ञ) तथ्याङ्क सङ्कलन, राहत वितरण जस्ता कार्यमा भीडभाड हुन नदिई सामाजिक दूरी (Social Distancing) कायम गर्ने व्यवस्था मिलाउने।

(ट) नेपाल सरकारको तर्फबाट यसअघि गरिएका अनुरोधहरुको पूर्ण कार्यान्वयनमा निरन्तर सकृय रहने ।

(बसन्त अधिकारी)

सह सचिव

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।

श्री गृह मन्त्रालय, सिंहरबार ।

श्री अध्यक्ष । प्रमुखज्यूहरु, स्थानीय तह (सबै) : आवश्यक समन्वय र सहजीकरणको लागि ।

Scanned with CamScanner